# मिति २०७५ आश्विन २२ गतेको कार्यपालिका बैठकको निर्णयहरु

## निर्णयहरु :

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६४ मा प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था भएको र सोही दफाको उपदफा (१) को खण्ड (च) को प्रावधान बमोजिम नदिजन्य पद्घार्थको कर प्रदेशले निर्धारण गरेको र उक्त कर उठाउन कर्णाली प्रदेशको आर्थिक ऐन,२०७५ को दफा ८ बमोजिम स्वीकृति लिनुपर्ने भनि कर्णाली प्रदेश सरकारको च.न. ९३ मिति २०७५।५।१२ को पत्रबाट लेखि आएकोले सो अनुसार यस गाउँपालिका अन्तरगत पर्ने शारदा खोला,लुहाम खोला,पिमखोला तथा रिखेखोलाको स्वीकृत आइ.इ.ई.प्रतिवेदन प्रदेशमा पठाई स्वीकृति माग गर्ने निर्णय भयो ।

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिकाको कार्यालय भवन तथा वडा नं. ५, ६ र ३ को कार्यालय भवन नभएको सन्दर्भमा ती कार्यालयहरुको भवन बनाउन जग्गा उपलब्ध भएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विशेष अनुदान प्राप्त हुनसक्ने भएकोले ततत् कार्यालयको लागि हाल कार्यालय संचालन भएका क्रमशः गाउँ कार्यपालिकाको लागि लुहाम, वडा नं ५ को लागि सिम्क, वडा नं ६ को लागि लुहाम र वडा नं ३ को लागि ढुँ गीबजार लोटाउने क्षेत्रमा गाउँपालिकाको लागि १० रोपनी, वडा कार्यालयको लागि ३ रोपनी कित्ता मिलेको समथर जग्गा प्राप्त गर्नेतर्फ प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा गत आ.व.को जम्मा बचत रकम रु. २,०७,७६,८७६। मध्ये बजेटमा समावेस गरिएको रु.७८,९६,०००। घटाई बाँकी रहन गएको खुद बचत रु.१,२८,८०,८७६। आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी देहाय अनुसार विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र. स. | योजना कार्यक्रमको विवरण | विनियोजन बजेट | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भवनको जग्गा खरिद | २०,००,००० | |
| २ | ढुवानी खर्च(विद्युत पोल तथा ग्याविन ढुवानी) | ३,५०,०००. | गत आ.व.को.बाँकी भूक्तानी |
| ३ | वडा २ का स्वयंसेविकाको प्रोत्साहान भत्ता | ५४,०००. | गत आ.व.को बाँकी भुक्तानी |
| ४ | स्वास्थ्य शाखाको वार्षिक समिक्षा कार्यक्रम | ५०,०००. | |
| ५ | आयोजनाहरुको सर्वे डिजाइन | १५,००,०००. | |
| ६ | पहिरो पीडितको राहत रकम | २८५००. | |
| ७ | लुहाम काभ्रा मोटरबाटो मर्मत | १६०००००. | |
| ८ | स्वयंसेवक शिक्षक पारिश्रमिक | १,७८,२००. | गत आ.व.को आषाढको भुक्तानी बाँकी |
| १० | भाटाखोला मन्दिरलाई सहयोग | २००००. | |
| ११ | भैपरी आउने खर्च | ७१००१७६. | ५७८०७०० |
| | | | |

**निर्णय नं ४,**

प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको काम कारवाहीमा आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्दै सुशासन प्रवर्द्धन, फोहरमैला तथा बजार व्यस्थापन जस्ता कार्यसम्पादनको सहजताको देहायका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

(क) नगर प्रहरी सम्बन्धी कार्यविधि,२०७५
(ख) तालिम संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५
(ग) बैठक तथा अनुगमन भत्ता व्यवस्थापन कार्यविधि,२०७५
(घ) शिक्षक छनौट परीक्षा संचालन कार्यविधि,२०७५

**निर्णय नं ५,**

प्रस्ताव नं ५ माथि छलफल गर्दा जिल्ला समन्वय समिति सल्यानबाट असिस्टेन्ट सव ईन्जिनियर लक्ष्मण देबकोटा यस कार्यालयमा खटिआउनु भएको सन्दर्भमा कार्यालयमा दक्ष र अनुभवी प्राविधिक कर्मचारीको आवश्यकता रहेकोले निजलाई हाल मिति २०७५ भाद्र २१ गते देखि मिति २०७६ आषाढ मसान्तसम्म प्रचलित स्केल बमोजिमको तलब पाउने गरी करारमा कामकाज लगाउने, निजले पाउने अन्य सुविधा तथा शर्तहरु करार सम्झौतामा उल्लेख भए बमोजिम हुने । त्यस्तै त्रिवेणी ६ सल्यानका हरिबहादुर श्रेष्ठ, पशु सेवा शाखामा विगत देखि करारमा काम गर्दै आउनु भएको र निजको कार्यसम्पादनस्तर पनि सन्तोषजनक नै भएको बुझिएकोले पशु सेवा विभागले वेव साइटमा राखे अनुसार यस गाउँपालिका अन्तरगत रहने पशु सेवा तर्फको दरवन्दिमा कार्यालय सहयोगी पद भएको हुँदा सम्बन्धित मन्त्रालयले उपलब्ध गराए अनुसारको तलव भत्ता प्राप्त गर्ने गरी निजलाई मिति २०७५ श्रावन १ गते देखि लागु हुने गरी मिति २०७६ आषाढ मुसान्तसम्म करारमा कामकाज लगाउने तथा निजका अन्य सेवा शर्तहरु करारमा उल्लेख भए अनुसार हुने निर्णय गरियो ।

**निर्णय नं ६,**

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगतका विद्यालयहरुमा कार्यरत विद्यालय शिक्षक तथा कर्मचारी (लेखापाल तथा का.स.) को लागि वार्षिक कार्यक्रम अनुसार पोशाक भत्ता उपलब्ध गराइएको र उक्त पोशाक भत्ताबाट शिक्षकहरुको सम्बन्धमा शिक्षकहरुलाई तोकेको र अन्य कर्मचारीको हकमा निजामति कर्मचारीको पोशाक अनुसारको पोशाक तोक्ने तथा त्यस्तो पोशाक कार्यालय समयमा अनिवार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं ७,**

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगतको वडा नं.३ स्थित पिमखोला थकलेनी भन्ने ठाउँमा यही श्रावण महिनाको  गते आएको अविरल वर्षाको कारण पहिरो आई हाम्रो अनुमानित १,५०,००० तथा ७५,०००। बरावरको सुन्तला खेती क्षति भएकोले राहत उपलब्ध गराइपाउँ भनि प्रहरी मूचुल्का,पहिरोको फोटो समेत राखि वडा नं ३ बस्ने यम बहादुर राना समेतले वडा कार्यालयमा दर्ता गर्नु भएको निवेदन अनुसार वडाको सिफारिस सहित यस कार्यालयमा पेश भएकोले निजहरुको क्षतिको आधारमा न्यूनतम राहातको लागि तपशिल बमोजिमको राहात रकम निर्णय नं ३ मा विनियोजन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. यम बहादुर राना रु.७५००।
२. सन्तबहादुर वली रु.६०००।
३. देविकला राना रु.५०००।
४. बलबहादुर राना रु.५०००।
५. थुमानसिंह वली रु.५०००।

**निर्णय नं ८,**

प्रस्ताव नं ८ माथि छलफल गर्दा गाउँपालिकाको विभिन्न कामको सिलसिलामा मिति २०७५ श्रावन २६ गते देखि भाद्र ४ गतेसम्म जम्मा १० दिन लागि गाउँपालिका अध्यक्ष मानबहादुर डाँगी र प्रमुख

प्रशासकीय अधिकृत रेमन्तबहादुर डाँगी काठमाण्डौं जानु भएकोले निज गाउँपालिका अध्यक्षको जम्मा १० दिनको काज स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९,**

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत लुहाम काभ्रा मोटरबाटो अन्तरगत पिमखोला रिखेखोलाले वर्षातमा पटक पटक बाटोमा क्षति पुऱ्याइएकोले पटक पटक मर्मत गर्नुपरेको, त्यस्तै वर्षातको कारण वाटोको धेरै ठाउँमा पहिरो,ठुल ठुला खाल्डा खुल्डि परी सवारी आवागमनमा समस्या भएकोले मर्मत गर्नुपर्ने अवस्था भएको, रामबजारको ठाडो खोलाले बाटो चिर्दा पक्की तटबन्ध ( ग्याविन वाल) लगाउनु पर्ने अवस्था भएकोले उक्त बाटो मर्मत संभार कार्य गर्नको लागि जम्मा रु. १६,०००००। निर्णय नं ३ मा विनियोजित बजेटबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं १०,**

प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार एक थान Pick up jeep खरिद गर्ने कार्यको सम्झौता भइसकेको र केही दिनमा jeep आउने भएकोले उक्त जीप चलाउनको लागि हलुका सवारी चालकको आवश्यकता पर्ने र उक्त कार्यको लागि हाल गाउँपालिकाले भाडामा लिएको जिप चलाउने त्रिवेणी गा.पा.वडा नं ४ का डिल्ली बहादुर बस्नेतको कार्यसम्पादन राम्रो देएिकोले निजलाई गाउँ सभाबाट तोकिए बमोजिम रु.१५०००। मासिक पारिश्रमिक पाउने गरी करारमा भर्ना गरी कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं ११,**

प्रस्ताव नं ११ माथि छलफल गर्दा निर्णय नं ४ बमोजिमका नगर प्रहरी सम्बन्धी कार्यविधि, २०७५
तालिम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५, बैठक तथा अनुगमन भत्ता व्यवस्थापन कार्यविधि, २०७५, शिक्षक छनौट कार्यविधि, २०७५ र यस अघि मिति २०७५ आषाढ ३१ को कार्यपालिकाबाट स्वीकृत भवन तथा योजना मापदण्ड, २०७५ हरु यस गाउँपालिकाको स्थानीय राजपत्रको भाग २ को खण्ड १, संख्या २ मिति २०७५ कात्तिक १ गते प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं १२,**

प्रस्ताव नं १२ माथि छलफल गर्दा भाटाखोला मन्दिर निर्माण समितिबाट सहयोग उपलब्ध गराइपाउँ भनि यस कार्यालयमा मिति २०७५ आषाढमा पेश गरेको माग निवेदन अनुसार रु.२००००। आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १३,**

प्रस्ताव नं १३ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको वार्षिक कार्यक्रम अनुसार क्याटलग सपिङ विधिबाट एम्बुेन्स खरिद गर्न लागिएको र सो को लागि अग्रिम भुक्तानी दिने गरी सम्झौता भएकोले सो अनुसार भुक्तानी दिई थप कारवाही अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं १४,**

प्रस्ताव नं १४ माथि छलफल गर्दा ग्याल्भनाइज गरेको विद्युत पोलको स्वीकृत दर प्रति के.जि. भएकोमा हालको बजारको अवस्था जिल्लाबाट स्वीकृत भएको नमूना दररेट समेतलाई ध्यानमा राखी आगामी गाउँसभाबाट अनुमोदन हुने गरी १६५ रुपयाँ प्रति के.जि.लाई घटाएर प्रति के.जि.रु.१५५। कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं १५,**

प्रस्ताव नं १५ माथि छलफल गर्दा गत आ.व.को आषाढ अन्तिममा छवटै वडामा विद्युतपोल, खानेपानी पाइप तथा ग्याविन तारजाली ढुवानी गर्दा लागेको ढुवानी रकम वडाहरुबाट प्राप्त विलहरुको आधारमा निर्णय नं ३ को विनियोजन बजेट अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।